**मिति २०७७ चैत्र २५ गते (वि.सं. २०७७।१२।२५) बुधबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०३औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकामा स्थानीय संस्थागत स्व : मुल्याङ्कन प्रणालीलाई स्वीकृत गर्दै आर्थिक बर्ष २०७६/०७७ को स्थानीय संस्थागत स्वः मुल्याङ्कनमा ६२.२५ अंक प्राप्त भएकोले सबै जनप्रतिनिधि र कर्मचारीलाई धन्यबाद दिने निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाको २९ स्थापना दिवश मिति २०७७।१२।३० गते दिनको ११ बजे तुलसीपुर उद्योग बाणिज्य संघको वडा नं. ८ को हलमा भब्य रुपले मनाउने निर्णय गरियो ।उक्त स्थापना दिवशमा सबै भन्दा बढि कर बुझाउने १० जना उत्कृष्ठ करदाता, एक वडा एक एक व्यक्ति का हिसावले उत्कृष्ठ लघुउद्यमी १९ जना र कोभिड १९ को समयमा आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सबै सहयोगि मनहरुलाई सम्मान गर्ने र सोको पूर्ण व्यवस्थापनका लागि उपप्रमुख श्री मायां शर्माको संयोजकत्वमा सबै समितिका संयोजकहरु सम्मिलित समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३.**

दाङ्ग जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ आदर्शटोल बस्ने रमेश बहादुर सुनार समेत बिरुद्ध तुलसीपुर उपमहानगरपालिका समेत , ३ नं. वडा कार्यालय र ३नं. वडा अध्यक्ष श्री बिरबहादुर बि.क.तुलसीपुर दाङ्ग भएको श्री उच्च अदालत तुलसीपुर दाङ्गबाट मितिं २०७७।११।२३ गते म्याद तामेल भएको मुद्धा नं. ०७७-Wo-००४२ मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयको कानुनी मामिला शाखामा कार्यरत कानुन अधिकृत श्री आँचल बगालेलाई प्रतिनिधि तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको वडा नं. ९ र ६ मा रहेको राप्ती अटो ईन्जीनियरिङ्ग एशोसिएसन अटोभिलेज निर्माण तथा ब्यवस्थापन समितिले कोभिड १९ का कारण ६ महिना वर्कसप पूर्ण रुपमा बन्द रहेकोले उक्त अवधिभरको बहालबिटौरी कर छुट गरीपाउ भनि मिति २०७७।११।२३ को च.नं. ३६ को पत्रबाट निवेदन गरेकाले कोभिड १९ का कारण ब्यवसायीक क्षेत्रमा ठूलो आर्थिक मार परेको कुरालाई मध्यनजर गरी ब्यवसायीहरुलाई आर्थिक राहत स्वरुप मिति २०७७।१२।११ गते देखि २०७७ असोज मसान्त सम्मको बहालबिटौरी कर छुट दिने सर्वसम्मत निर्णय गरियो ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७२

घनश्याम पाण्डे
प्रमुख